नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २९४ २०८० साल असार १८ गते सोमबार (3 July 2023 Monday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : मिटरब्याजी पीडितका समस्या ... ३ पृष्ठमा : आगामी माघभित्र नयाँ ... ३ पृष्ठमा :'प्रधानमन्त्री मोदीको अमेरिका...

## डाक्नेश्वरीकी उपमेयर मिरा यादवबिरुद्ध नागरिकता प्रकरणमा मुद्दा दर्ता

**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपमेयर मिराकुमारी यादवबिरुद्ध नागरिकता प्रकरणमा आइतबार जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता भएको छ ।

उच्च अदालत जनकपुर राजविराज इजलासले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयका नाममा आदेश दिएपछि मुद्दा दर्ता भएको हो ।

डाक्नेश्वरी नगरपालिका ३ का कृष्णकुमार यादवले भारतीय नागरिक मीरा नेपालको नागरिकता लिई उपमेयरसमेत बनेको र प्रहरी, प्रशासनले मुद्दा दर्ता गर्न नमानेको भन्दै उच्च अदालतमा परमादेशको माग गर्दै रिट दायर गरेका थिए । सो रिटमाथि सुनुवाई गर्दै उच्च अदालतले यस्तो आदेश गरेको हो ।



डाक्नेश्वरी नगरपालिकाकी उपमेयर मिराकुमारी यादव

निवेदक कृष्णकुमार यादव र विपक्षी जिल्ला प्रहरी कार्यालय राजविराज, सप्तरीसमेत भएको परमादेश रिट निवेदनमा विपक्षीमध्येका जिल्ला प्रहरी कार्यालय, सप्तरीका नाममा परमादेशको आदेश जारी हुने ठहरी अदालतबाट जेठ ५ गते आदेश भई उक्त आदेश अनुसार ३ गते प्रमाणीकरण गरि सरकारी वकिलमार्फत जिल्ला प्रहरी कार्यालयमा पत्र पठाएर मुद्दा दर्ता गरेको हो ।

उपप्रमुख मिराकुमारी यादव र उनका पति महेन्द्रकुमार यादव भारतको बिहारस्थित मझारी पञ्चायत अन्तर्गतको मझारी गाउँका स्थानीय भएको भन्दै २०७९ साउनमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी परेको थियो । मिरा, महेन्द्रसहित उनीहरुका सन्तानले समेत झुठा विवरण पेस गरेर नागरिकता लिएको उजुरीमा उल्लेख छ ।

भारतको भोटर लिष्टमा समेत मिराको नाम रहेको दाबी उजुरीमा गरिएको छ । अनुमण्डलीय न्यायालय, निर्मलीमा महेन्द्र र मिराले पेस गरेको शपथपत्र तथा भारत निर्वाचन आयोगबाट लिएको पहिचान पत्र समेतबाट उनीहरू भारतीय रहेको प्रमाणसमेत उजुरीका साथमा समावेश गरिएको छ ।

## ज्यान मुद्दाका फरार प्रतिबादी कारागार चलान



**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

सप्तरी जिल्ला अदालतले ज्यान मुद्दामा पक्राउ गरेका एक फरार प्रतिवादीलाई पूर्पक्षका लागि राजविराज कारागार पठाउने आदेश दिएको छ ।

गत बैशाख ३१ गते सप्तरीको रुपनी गाउँपालिकामा मृत भेटिएका शम्भुनाथ नगरपालिका वडा नं. २ बस्ने २१ वर्षिय मो. तफेजुलको घटनामा संलग्न रहेका जिल्लाको शम्भुनाथ नगरपालिका वडा नं. ७ बस्ने २० वर्षिय दिलिप साहलाई अदालतले पूर्पक्षका लागि कारागार चलान गरेको हो ।

रुपनी गाउँपालिका वडा नं. १ रायपुरको रुपनी राजविराज सडकखण्डस्थित निर्माणाधिन कलभर्ट नजिक राजाराम यादवको खेतमा मो.तफेजुल मृत फेला परेका थिए ।

प्रहरीका अनुसार घटनामा संलग्न साहलाई जेठ १७ गते पक्राउ गरेकोमा मुद्दाको सम्पूर्ण अनुसन्धान कार्य पुरा गरी असार ८ गते जिल्ला सरकारी वकीलको कार्यालय सप्तरीमार्फत जिल्ला अदालतमा पेश गरेको थियो ।

सोही मुद्दामा अदालतले असार ११ गते साहलाई पुर्पक्षको लागि कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले आइतबार जारि गरेको विज्ञप्तिमा उल्लेख छ ।

## मधेस प्रदेशमा रासायनिक मलको अभाव नहुने

वीरगन्ज, १७ असार (रासस) ।

बर्सेनि धानखेतीको समयमा रासायनिक मलको अभाव झेल्दै आएका मधेस प्रदेशका किसानलाई यस वर्ष मलको समस्या नहुने जनाएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड मधेस प्रदेश प्रादेशिक कार्यालय वीरगन्ज पर्साले यस वर्ष असार महिनासम्म चाहिने जति मल गोदाममा रहेको र अन्य मल आउने क्रममा रहेकाले यस वर्ष धानखेतीको समयमा रासायनिक मल अभाव नहुने जनाएको छ । कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय वीरगन्ज पर्साका प्रमुख चन्द्रप्रसाद चम्लागाईंका अनुसार हाल युरिया छ हजार मेट्रिक टन र डिएपी तीन हजार मेट्रिक टन मल गोदाममा छ ।

गोदाममा मौज्दात रहेको मल असारसम्मका लागि पुग्ने र साउनको पहिलो साता थप मल आउने भएकाले यस वर्ष धानखेतीको समयमा मल अभाव नहुने प्रमुख चम्लागाईंको भनाइ छ । कृषि सामग्री कम्पनी प्रादेशिक कार्यालय वीरगन्ज पर्सामा चालु आव २०७९/८० को १० महिनामा एक लाख ७० मेट्रिक टन रासायनिक मल प्राप्त भएको छ ।

चालु आव २०७९/८० को साउनदेखि वैशाखसम्ममा एक लाख मेट्रिक टन युरिया र ७० हजार मेट्रिक टन डिएपी मल प्राप्त भएको प्रमुख चम्लागाईंले जानकारी दिनुभयो । यसबाहेक थप २०-२० हजार युरिया र डिएपी खरिदका लागि बोलपत्र स्वीकृत गर्ने प्रक्रियामा रहेको र सो बोलपत्र स्वीकृत भएर मल आए पनि मलको माग अत्यधिक रहेकाले त्यो २०८० असारसम्म मात्र धान्न सकिने प्रमुख चम्लागाईंले बताउनुभयो ।

"अहिलेसम्म युरिया र डिएपी गरी एक लाख ७० हजार मेट्रिक टन मल आइसक्यो, ५० हजार मेट्रिक टन मल आउने क्रममा छ र ४० हजार मेट्रिक टन मल बोलपत्र स्वीकृत प्रक्रियामा छ", प्रमुख चम्लागाईंले भन्नुभयो, "हामीकहाँ आइसकेको, आउने क्रममा रहेको र बोलपत्र खरिद

*बाँकी तीन पृष्ठमा*

## बिपन्न, आर्थिक कमजोरलाई निशुल्क कानुनी सहायता



**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

मधेश प्रदेशका मुख्य न्यायधिवक्ता बिरेन्द्र कुमार ठाकुरले मधेश प्रदेश अन्तर्गत ८ वटै जिल्लाबाट कानुनी सहायता कार्यालयको स्थापना गरी बिपन्न, आर्थिक कमजोरलाई निशुल्क कानुनी सहायता गर्दै आएको बताएका छन ।

मुख्य न्यायधिवक्ता कार्यालय मधेश प्रदेश जनकपुरधाम कार्यालयद्वारा राजबिराजमा आयोजित समुदायसँगको संवाद

*बाँकी अन्तिम पृष्ठमा*

## बिराजीको निधनप्रति समवेदना प्रकट

**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

नेपाली काँग्रेस सप्तरीले मधेश प्रदेश महाधिवेशन प्रतिनिधि बिरेन्द्र कुमार बिराजीको निधनप्रति समवेदना प्रकट गरेको छ ।

पार्टीका जिल्ला सचिव सनत कुमार मण्डलद्वारा आइतबार जारि शोक वक्तव्यमा जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका ४ निवासी बिराजीको असार ८ गते भएको असमायिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै समवेदना प्रकट गरिएको छ ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

विद्युतीय उपकरण(मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सहज तरिकाले सेवा देऊ

अधिकांश जनप्रतिनिधिले विकासको मुद्दालाई पहिलो प्राथमिकतामा राखेर कामकाज गरिरहेका छन् । उनीहरुले सहर, गाउँ तथा वडाको सरसफाईलाई पनि प्राथमिकतामा राख्दै जनतालाई सरसफाईप्रति सहजता प्रदान गर्न महत्वकाक्षी योजना अघि सारेका हुन् । पुरानो जनप्रतिनिधिहरुले अधुरा गरेका कामहरुलाई पनि पुरा गर्न उनीहरु लागिपरेका छन् । यसरी विकासका मुद्दालाई अघि सार्दै उनीहरुले शिक्षा र स्वास्थ्यलाई केही हदसम्म प्राथमिकतामा राखेको देखिन्छ ।

हुन पनि हो शिक्षा र स्वास्थ्य जनताको पहिलो प्राथमिकता हो तर अधिकांश जनप्रतिनिधिहरुले त्यसलाई उपेक्षा गरेको देखिन्छ । शिक्षा र स्वास्थ्यका साथ साथै विकासको मुद्दा पनि प्राथमिकतामा पर्न जान्छ । तर, शिक्षा र स्वास्थ्यमा परिवर्तनका लागि त्यतिको समय चाहिदैन् । कीन भने शिक्षा र स्वास्थ्यको मेरुदण्ड रहँदै आएको छ । मात्र त्यसलाई थोरै भएपनि पनि परिचालन, अनुगमन र निगरानी गर्न सकिए त्यसले सकारात्मक परिणाम ल्याउन सक्छ । शिक्षा, स्वास्थ्य र विकास बाहेक अन्य कार्यहरुमा जनप्रतिनिधिहरुको ध्यान पुगोस् । जस्तै जनचेतना, भएका साधनश्रोतहरुको सही परिचालन, कार्यालय व्यवस्थापन लगायतका ।

तसर्थ यी कार्यहरुबाहेक जनप्रतिनिधिहरु थोरै पनि चनाखो भएमा नगर वा वडा कार्यालयहरुबाट जनताले पाउने निशुल्क सेवा, विभिन्न घटना दर्ता, सिफारिस लगायतका कार्यलाई छिटोछरितो एवं सरल तरिकाले सेवा दिन तत्परता देखाउनु जरुरी छ । अनि मात्र जनताको मतको कदर हुने कुरामा दुईमत नहोला ।

# मिटरब्याजी पीडितका समस्या सम्बोधन गर्ने विधेयकमाथि छलफल

काठमाडौं, १७ असार (रासस) । प्रतिनिधिसभाको आइतबारको दोस्रो बैठकमा सांसद्हरुबाट वित्तीय पहुँचमा सहजा बढाउँदै मिटरब्याज पीडकलाई कारबाहीको दायरामा ल्याउने गरी कानुन बनाउन माग गरिएको छ ।

राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा प्राप्त 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०' माथिको सैद्धान्तिक छलफलमा भाग लिँदै सांसदहरुले सामान्य किसान र जनतालाई वित्तीय संस्थाबाट बिनाधितो ऋण दिएर मिटर ब्याज पीडित हुने अवस्था अन्त्य गर्न आग्रह गरिएको छ ।

नेपाली कांग्रेसका प्रदीप पौडेलले वित्तीय अनुशासन पालना हुन नसक्ने मुलुक अघि बढ्न नसक्ने उल्लेख गर्दै मिटरब्याज पीडित लामो समयदेखि पीडित हुँदा पनि संसद् र राज्यले ध्यान दिन नसकेको बताउनुभयो ।

नेकपा (एमाले) का प्रमुख सचेतक पदम गिरीले ताजा जनादेश प्राप्त भएको सात महिना बित्दासम्म कुनै पनि विधेयक पारित हुन नसकेको र आइतबार प्रस्तुत विधेयकमा पनि पर्याप्त अध्ययन गर्ने समय उपलब्ध नभएकामा आपत्ति जनाउनुभयो । उहाँले संसद्को पहिलो बैठकमा प्रस्तुत भएका अध्यादेश हालसम्म नआइ अन्तिम समयमा पेस हुनुले सरकारको हतारोपन देखिएको र मिटरब्याज पीडितलाई न्याय दिनेभन्दा पनि भुलाउने काम भएको टिप्पणी गर्नुभयो ।

एमालेका सचेतक महेश बर्तौलाले कतिपय उचित लेनदेनलाई पनि गलत सावित हुनेतर्फ सचेत रहन आग्रह गर्नुभयो ।

सांसद् सूर्य थापाले गत वैशाख २० गते ल्याएको विधेयकलाई बल्ल छलफलमा ल्याएकामा चिन्ता व्यक्त गर्नुभयो ।

एमालेकै भगवती चौधरीले बैंकहरुले समयमा ब्याज नतिर्दा ब्याजलाई सावामा जोड्ने कार्य पनि गैरकानुनी हुनुपर्ने सुझाव दिनुभयो ।

नेकपा (माओवादी केन्द्र) का सांसद् माधव सापकोटाले जाली तमसुक र झुटो कागज गरेर गरिने लेनदेनलाई रोक्न प्रविधि सुहाउँदो परिस्कृत कानुन ल्याउन आग्रह गर्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका विराजभक्त श्रेष्ठले मुलुकमा सामन्तवादको अवशेष बाँकी रहेकाले मिटर ब्याजी पीडित सिर्जना भएको उल्लेख गर्दै यस्ता प्रकरणमा राजनीति र प्रहरीका उच्च तहका व्यक्ति पनि सहभागी भएको हुनसक्ने भएकाले वित्तीय साक्षरता अभियान चलाउन सुझाव दिनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीकै सुमना श्रेष्ठले समाजको अशल चरित्र निर्माणका लागि सामाजिकस्थलमै गलत मनोवृत्तिलाई निरुत्साहन गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झाले नेपालका बैंकहरुमा प्रक्रियागत जटिलता धेरै भएकाले आम मानिसको पहुँच कमजोर भएको बताउनुभयो ।

सोही पार्टीका गणेश पराजुलीले मौजुदा कानुन प्रभावकारी कार्यान्वयन भएको भए मिटरब्याजी समस्या उत्पन्न नहुने बताउनुभयो । सांसद् सोविता गौतमले प्रतिनिधिसभालाई छायाँमा नपार्न आग्रह गर्दै सदनको अधिवेशन सुरु हुनु अगाडि नै कुनकुन विधेयक ल्याउने भन्ने सूची उपलब्ध गराउन माग गर्नुभयो ।

जनता समाजवादी पार्टीका प्रदीप यादवले हातमा नभइ विधेयक ल्याएकाले यसमा व्यापक छलफलको आवश्यकता भएको बताउनुभयो । सोही पार्टीका राजकिशोर यादवले हतारहतारमा अध्यादेश ल्याएर अन्तिम समयमा विधेयक ल्याएको उल्लेख गर्दै वित्तीय शिक्षा र पहुँच विस्तार गरेमा मिटरब्याज पीडितका समस्या नहुने बताउनुभयो ।

जनता समाजवादी पार्टीकै रेखा यादवले सस्तो ब्याजदरमा ऋण वितरण गर्ने सरल प्रक्रिया कार्यान्वयनमा ल्याउन माग गर्नुभयो ।

सांसद रञ्जुकुमारी झाले १० प्रतिशतभन्दा बढी ब्याज लिने कारोबारलाई फौजदारी मानिने व्याख्या बैंकहरुलाई लाग्ने कि नलाग्ने भन्ने स्पष्ट हुनुपर्ने प्रश्न गर्दै अत्यावश्यक काममा ऋण लिनै नपाउने अवस्था सिर्जना नहोस् भन्नुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीकै रोशन कार्कीले मिटरब्याजीका समस्यालाई समाधान गर्ने हो भने बैंकका प्रक्रियालाई सरल गर्नुपर्ने बताउनुभयो ।

नेकपा (एकीकृत समाजवादी) का अम्बरबहादुर थापाले वित्तीय संस्थाले चर्को ब्याज लिन नपाउने अवस्था सिर्जना गर्न माग गर्नुभयो ।

स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले बैंक तथा वित्तीय संस्थाले ठूला व्यापारिक संस्थालाई विनाधितो करोडौं ऋण दिने र कुनै किसानले रु एक लाख पाउन पनि जायजेथा राख्नुपर्ने अवस्था अन्त्य हुनुपर्ने माग गर्नुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टीका रामप्रकाश चौधरीले मिटर ब्याज मधेस प्रदेशको ठुलो समस्या भएको र नक्कली मिटर ब्याजी पनि सिर्जना भएका बताउनुभयो ।

जनमत पार्टीका अब्दुल खाँनले व्यक्ति घाइते भएर सडकमा लड्दा पनि उपचारका लागि गरिब जनताले ऋण नपाउने अवस्थामा सरकारले नहेरेको बताउनुभयो ।

सांसद प्रभु साहले राष्ट्र बैंकका पुँजी काठमाडौं केन्द्रित भएका कारणले पनि मिटर ब्याजमा सहभागी भई जानीजानी ठगिन जनता विवश भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले सीमित र धनी व्यक्तिलाई बैंकहरुले मागे जति ऋण दिने कार्य बन्द गरेर समानता कायम गर्न गर्भदेखि चिहानसम्मको राज्यले जिम्मा लिनुपर्ने बताउनुभयो ।

उक्त विधेयकमाथि सामान्य छलफल गरियोस् भनी कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले विधेयक प्रस्तुत गर्नुभएको थियो ।

## ऋण लेनदेनपछि स्थानीय तहबाट प्रमाणीकरण गराइने

काठमाडौं, १७ असार (रासस) । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले साहू र ऋणीबीच ब्याजमा आर्थिक लेनदेनको कारोबार भएपछि स्थानीय तहबाट प्रमाणीकरण गर्ने कानुनी व्यवस्थाको प्रस्ताव गरिएको बताउनुभएको छ ।

राष्ट्रियसभाबाट पारित भई सन्देशसहित प्रतिनिधिसभामा प्राप्त 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८०' माथिको सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री गुरुङले त्यस्तो व्यवस्था गर्दा वास्तविक ऋण लिनेहरु नठगिने र नक्कली पीडित हुने समस्या नहुने स्पष्ट गर्नुभयो । विधेयकमा ऋण लेनदेन भएका छ महिनाभित्र दुवै पक्ष (साहु र ऋणी) स्थानीय तहमा गएर प्रमाणीकरण गर्नुपर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो । यस्तो प्रबन्धले लिने र दिने दुवै त्रसित हुन नपर्ने उल्लेख गर्दै मन्त्री गुरुङले सही नियतले गरिने अँचोपैचो रोक्ने विधेयकको मनशाय नभएको स्पष्ट पार्नुभयो ।

सो विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई बैठकले सर्वसम्मतिले स्वीकृत गरेको छ । सो विधेयकमाछि संशोधन पेस गर्न सांसद्हरुलाई आग्रह गरिएको छ । सामन्तवादका अवशेष अन्त्यका लागि नै सो विधेयक ल्याएको स्पष्ट गर्दै उहाँले राज्यका औपचारिक वित्तीय संस्था आम जनताका बिचमा बढीभन्दा बढी पहुँचमा लगिँदै आएको बताउनुभयो ।

मिटर ब्याजको समस्यामा राजनीतिक र प्रहरी क्षेत्रका उच्च तहका व्यक्ति संलग्न भए पनि कानुन बनेपछि पीडक र पीडित छुट्याएर पीडिकलाई कारबाही गरिने उहाँले बताउनुभयो । मन्त्री गुरुङले उक्त विधेयक समयमा सदनमा ल्याउन नसकेकामा नेपाल सरकारका तर्फबाट माफी माग्दै राष्ट्रियसभाबाट पारित भएपछि यही असार ६ गते विधेयक सांसद्हरुको पिजन हलमा उपलब्ध गराइएको स्पष्ट गर्नुभयो ।

विधेयकको सैद्धान्तिक छलफलमा सांसदहरु दीलेन्द्रप्रसाद बडु, पदम गिरी, सुमना श्रेष्ठ, माधव सापकोटा, रामकृष्ण यादव, राजकिशोर यादव, सुशीला श्रेष्ठ, मुक्ताकुमारी यादव, रामहरि खतिवडा, राजेन्द्रकुमार केसी, प्रेम सुवालगायतले भाग लिनुभएको थियो ।

## 'आलु र प्याजमा कर नबढाऔं'

काठमाडौं, १७ असार (रासस) । सांसदहरुले दैनिक उपभोग्य वस्तुमा करको दायरा नबढाउन सुझाव दिनुभएको छ । प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा आर्थिक विधेयक, २०८० माथिको छलफलका क्रममा सांसदहरुले आलु र प्याजलगायत दैनिक उपभोग्य बस्तुमा कर नबढाउन माग गर्नुभएको हो ।

छलफलका क्रममा सांसद अमृतलाल राजवंशीले विदेशबाट मोबाइल फोन भित्राउँदा लाग्ने करले वैदेशिक रोजगारमा गएका श्रमिक मारमा परेको बताउनुभएको हो ।

सांसद रेखा यादवले पुर्खौली घरजग्गामा लाभकर हटाउनुपर्ने माग गर्नुभयो ।सांसद रञ्जुकुमारी झाले आलु र प्याजमा लागेको कर हटाउन माग गर्नुभयो ।

सांसद भगवती चौधरीले पनि दैनिक उपभोग्य वस्तुमा कर नबढाउन माग गर्नुभयो । उहाँले आत्मनिर्भर नभएका वस्तुको आयातमा कर बढाउन नहुने धारणा राख्नुभयो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आगामी माघभित्र नयाँ आवधिक योजना ल्याइसक्ने आयोगको तयारी

काठमाडौँ, १७ असार (रासस)।

नयाँ आवधिक योजनाको दस्तावेज तयार पारेर स्वीकृत गरिसक्नका लागि आगामी माघ मसान्तसम्मको समयसीमा तोकिएको छ। राष्ट्रिय योजना आयोगले 'सोह्रौँ योजना तर्जुमाका लागि संस्थागत व्यवस्थासम्बन्धी कार्यविधि, २०८०' जारी गर्दै सोह्रौँ पञ्चवर्षीय आवधिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमाको समयतालिका तयार पारेको हो।

कार्यविधिअनुसार गत जेठ चौथो हप्तादेखि काम सुरु भएर आगामी माघ मसान्तसम्ममा आवधिक योजनालाई मन्त्रिपरिषद्बाट स्वीकृत गरिसक्ने गरी समयतालिका बनाइएको छ। कार्यविधिले तोकेको समयतालिकाअनुसार सोह्रौँ योजनाको अवधारणा तयारी सम्बन्धमा विज्ञसँगको अन्तरक्रिया असारसम्ममा सकिसक्ने आयोगको तयारी छ। त्यस्तै, सोह्रौँ योजनाको अवधारणाको मस्यौदा तयारी र आयोगबाट पारित गर्नका लागि साउन पहिलो हप्तासम्मको समयसीमा तोकिएको छ।

कार्यविधिअनुसार आयोगका उपाध्यक्षको संयोजकत्वमा निर्देशक समिति र सदस्यहरुको संयोजकत्वमा विषय क्षेत्रगत समिति रहेको छ। सोह्रौँ योजनाको अवधारणापत्र निर्देशक समितिबाट साउन पहिलो हप्ताभित्र सुझावसहित स्वीकृत भइसक्नेछ। त्यस्तै, योजनाको स्वीकृत अवधारणासहित विस्तृत योजना तर्जुमा सम्बन्धमा विषयगत मन्त्रालयहरुसँग प्रारम्भिक छलफल तथा आवश्यक विवरण उपलब्ध गराउन साउन दोस्रो हप्तासम्ममा पत्राचार भइसक्नेछ। विषयगत मन्त्रालयबाट भदौ पहिलो हप्ताभित्र सुझाव लिइसक्ने योजना आयोगको रहेको छ। समष्टिगत आर्थिक तथा लगानी खाकाको तयारी पनि भदौ दोस्रो हप्तासम्ममा भइसक्नेछ।

"आगामी असोज दोस्रो हप्तासम्ममा आवधिक योजनाको क्षेत्रगत एकीकृत प्रारम्भिक मस्यौदा तयार पारी आयोगबाट स्वीकृत गरिसक्नेछ भने असोज तेस्रो हप्तासम्ममा राष्ट्रिय विकास परिषद्को गठन तथा परिषद्का सदस्यलाई एकीकृत प्रारम्भिक मस्यौदाको प्रतिलिपि वितरण गरिसक्नेछ", कार्यविधिमा भनिएको छ।

आवधिक योजना तर्जुमा सम्बन्धी प्रदेश र स्थानीय तहसँग अन्तरक्रियाका लागि कात्तिक तेस्रो हप्ताको समय तोकिएको छ। त्यस्तै, प्रदेश तथा स्थानीय तहबाट प्राप्त सुझावको आधारमा योजनाको परिमार्जित मस्यौदा मङ्सिर दोस्रो हप्तासम्ममा तयार भइसक्नेछ। सङ्घीय संसद्का सदस्यहरू, प्रमुख राजनीतिक दलका पदाधिकारीहरु, नागरिक समाज, विद्वत्वर्ग तथा पेसाविद्, विषयगत मन्त्रालयका मन्त्री तथा सचिवहरु र विकास साझेदारसँग मङ्सिर तेस्रो हप्तासम्ममा छलफल गरिसक्ने कार्यतालिका बनाइएको छ।

यसरी राष्ट्रियस्तरबाट प्राप्त सुझावका आधारमा आवधिक योजनाको परिमार्जित मस्यौदा पुस दोस्रो हप्तासम्ममा तयार भइसक्नेछ। पुस तेस्रो हप्तासम्ममा परिमार्जित मस्यौदा राष्ट्रिय विकास परिषद्मा पेस गर्न निर्देशक समितिबाट सिफारिस भइसक्नेछ। त्यस्तै, राष्ट्रिय विकास परिषद्को सुझावसहित आवधिक योजनाको अनुमोदन पुस मसान्तसम्ममा भइसक्नेछ। परिषद्बाट प्राप्त सुझावसहितको योजनाको अन्तिम मस्यौदा माघ तेस्रो हप्तासम्ममा तयार भइसक्नेछ भने आगामी माघ मसान्तसम्ममा सोह्रौँ आवधिक योजनाको दस्तावेज मन्त्रिपरिषद्बाट स्वीकृत गरिसक्ने कार्यतालिका रहेको छ।

विसं २०८१ साउनदेखि कार्यान्वयनमा जाने सोह्रौँ आवधिक योजना तयार पार्दा नेपालको संविधान, राष्ट्रिय तथा क्षेतगत नीति, पन्ध्रौँ योजना र त्यसको समीक्षा, अल्पविकसित मुलुकबाट स्तरोन्नति हुनका लागि तयार पारिएको रणनीति (एलडिसी ग्रायुएसन स्ट्राटेजी), दिगो विकास लक्ष्य प्राप्ति, मध्यमकालीन खर्च संरचना आदिलाई ध्यानमा राखिने राष्ट्रिय योजना आयोगले जनाएको छ।

आयोगले असार पहिलो हप्ताबाट विभिन्न क्षेत्रका विषय विज्ञसँगको छलफल गरी सुझाव लिइरहेको छ। सोह्रौँ योजनाको अवधारणापत्र तथा दस्तावेजमाथि छलफल, सुझाव, परिमार्जन र स्वीकृत गर्ने अधिकारसहित एक निर्देशक समितिको व्यवस्था राखिएको छ। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष संयोजक रहने निर्देशक समितिमा मुख्यसचिव, जिल्ला समन्वय समिति महासङ्घका अध्यक्ष, योजना आयोगका सबै सदस्य, नेपाल राष्ट्र बैंकका गभर्नर र मन्त्रालयका सचिव रहनेछन्। त्यस्तो राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी, सबै प्रदेशका प्रमुख सचिव, सबै प्रदेशका योजना आयोगका उपाध्यक्ष, लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्षलगायत सदस्य रहने व्यवस्था रहेको छ।

त्यस्तै, आवधिक योजनाको मस्यौदामाथि काम गर्न पाँचवटा विषय क्षेत्रगत समिति बनाइएका छन्। समष्टिगत आर्थिक खाका तथा समग्र योजना, आर्थिक क्षेत्र, पूर्वाधार तथा वातावरण क्षेत्र, सामाजिक क्षेत्र र संस्थागत विकास तथा सुशासन क्षेत्र गरी पाँचवट क्षेत्रगत समिति बनाइएको आयोगले जनाएको छ। त्यस्तै, आवधिक योजनाको मस्यौदा तयार गर्ने क्रममा विषयगत मन्त्रालय तथा विभिन्न क्षेत्रसँग समन्वय, सहयोग र सहजीकरणका लागि प्राविधिक समिति रहेको छ।

### *मधेस प्रदेशमा ...*

प्रक्रियामा रहेको मल सबै आयो भने पनि त्यो साउनसम्म धान्न सक्ने देखिन्छ।" थप मलका लागि प्रक्रिया सुरु भइसकेकाले धानखेतीको समयमा मल अभाव नहोला कि भन्ने हाम्रो अनुमान छ", प्रमुख चम्लागाईंले भन्नुभयो।

"धानखेतीको मुख्य सिजन असार, साउन र भदौमा रासायनिक मलको माग अत्यधिक हुन्छ, त्यो बेलासम्म अहिले प्राप्त भएको वा आउन लागेको मल पर्याप्त नभए पनि यस वर्ष साह्रै अभावचाहिँ नहोला।" त्यसैले धानखेतीको समयमा चाहिने थप मल खरिदका लागि अहिले नै प्रक्रिया सुरु गर्नुपर्छ, उहाँले भन्नुभयो।

जिटुजीमार्फत खरिद भएको रासायनिक मल प्राप्त भएलगत्तै जिल्ला जिल्लामा मल पठाउन थालिएको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्ज पर्साले जनाएको छ। रासायनिक मल अभाव हुन नदिन मल प्राप्त भएलगत्तैबाट मलखाद्य बाँडफाँट भएअनुसार जिल्ला-जिल्लामा मल पठाउँदै आएको प्रमुख चम्लागाईंले बताउनुभयो।

मुलुकभर करिब सात लाख मेट्रिक टन रासायनिक मलको आवश्यकता रहे पनि हाल मागको करिब ५० प्रतिशत पनि आपूर्ति हुन नसक्दा बर्सेनि मलको हाहाकार हुने गरेको उहाँले बताउनुभयो। मागबमोजिम आपूर्ति नभए पनि अघिल्लो आव २०७८/७९ को तुलनामा चालु आव २०७९/८० मा बढी मल आएको जनाएको छ।

अघिल्लो आव २०७८/७९ मा युरिया ६० मेट्रिनी क टन र डिएपी ४० मेट्रिक टन मल आएको थियो। उहाँका अनुसार मधेस प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले मधेस प्रदेशमा वर्षभरिका लागि चार लाख ६३ हजार मल चाहिने भन्दै पत्र पठाएको छ। "यसरी हेर्दा अहिले आइरहेको मल मधेस प्रदेशकै लागि पनि अपुग हुने देखिन्छ", प्रमुख चम्लागाईंले भन्नुभयो, "यस्तो स्थितिमा कसरी मल पुर्‍याउन सकिन्छ, सम्भव नै देखिँदैन।" त्यसैले बर्सेनि मल अभाव हुनु स्वभाविक नै हो, उहाँको कथन छ।

सो कार्यालयमार्फत मधेस प्रदेशको आठवटै जिल्ला, बागमती प्रदेशका १० जिल्ला र गण्डकी प्रदेशका तनहुँ, लमजुङ, गोरखा, कास्की, पर्वतलगायतका जिल्लामा रासायनिक मल पठाउँदै आएको छ। बर्सेनि डिएपी र युरिया मल आपूर्ति कम भएपछि किसानलाई मलखाद्यको समस्या हुने गरेको नेपाल कृषक महासङ्घ मधेस प्रदेशका अध्यक्ष मुक्ति यादवले बताउनुभयो। मागअनुसार मलको आपूर्ति नहुदाँ बर्सेनि किसान मलका लागि डिलर चहार्नु गरे पनि सहजरूपमा पाउने अवस्था नरहेको उहाँको भनाइ छ।

# नौ हजार पाँच सय ९० जनाले बुझाएनन् सम्पत्ति विवरण

काठमाडौँ, १७ असार (रासस)।

आर्थिक वर्ष २०७८/७९ मा सङ्घीय तथा प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत नौँ हजार पाँच सय ९० कर्मचारीले सम्पत्ति विवरण बुझाएका छैनन्। सम्पत्ति विवरण नबुझाउने ती कर्मचारीलाई कारबाही गर्न सिफारिशसहित राष्ट्रिय सतर्कता केन्द्रले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रतिवेदनसमेत बुझाइसकेको जनाइएको छ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम सम्पत्ति विवरण पेस नगर्ने नौँ हजार पाँच सय ९० पदाधिकारी एवं कर्मचारीलाई राष्ट्रिय सतर्कता केन्द्र (कार्यसञ्चालन) नियमावली, २०६५ को नियम १० (२) कमोजिम रु पाँच हजार जरिवाना समेतका लागि आयोगलाई पत्रलेखी पठाइएको सतर्कता केन्द्रका सूचना अधिकारी तथा उपसचिव हरिप्रसाद शर्माले जानकारी दिनुभयो।

उहाँका अनुसार निजामती कर्मचारीका तीन हजार चार सय ५३, नेपाल प्रहरीका एक सय १३, शिक्षक एक हजार एक सय ५८, राजनीतिक नियुक्ति तथा करारतर्फका एक हजार नौँ सय २२ रहेका छन्। यसैगरी प्रदेशतर्फका एक हजार २७ तथा स्थानीय तहका एक हजार नौँ सय १७ जनाले सम्पत्ति विवरण बुझाएका छैनन्।

# सन् २०२३ मा भित्रिए ४ लाख ७६ हजार पर्यटक

काठमाडौँ, १७ असार (रासस)।

सन् २०२३ को छ महिनामा चार लाख ७६ हजार विदेशी पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डका अनुसार यो सन् २०१९ को तुलनामा ८३ प्रतिशत 'रिकभर' हो।

सन् २०२० को सुरुआतदेखि कोरोना महामारी सुरु भएपछि घट्दो क्रममा रहेको विदेशी पर्यटक आगमन सन् २०२३ मा भने 'रिकभर' हुने अवस्थामा पुगेको छ।

बोर्डका अनुसार सन् २०१९ को जनवरीदेखि जुनसम्म कुल पाँच लाख ३६ हजार ५८ विदेशी पर्यटक नेपाल भित्रिएका थिए। साथै सोही अवधिमा कोरोना महामारी सुरु भएको वर्ष सन् २०२० मा दुई लाख २० हजार आठ सय १५, सन् २०२१ मा ५८ हजार ५८ र सन् २०२२ मा दुई लाख ४० हजार नौ सय एक जना विदेशी पर्यटक नेपाल आएका थिए।

यस वर्षको जनवरीदेखि जुनसम्म नेपाल भित्रिने विदेशी पर्यटकको सङ्ख्या गत वर्षको तुलनामा ९७ दशमलव ७९ प्रतिशतले बढी हो भने सन् २०१९ को तुलनामा १६ दशमलव ९३ प्रतिशतले कम हो।

बोर्डका अनुसार यस वर्षको जनवरीमा ५५ हजार ७४, फेब्रुअरीमा ७३ हजार दुईसय ४४, मार्चमा ९९ हजार चार सय २६, अप्रिलमा ९८ हजार सातसय ७३ र मेमा ७७ हजार सातसय तीन विदेशी पर्यटक नेपाल आएका थिए। साथै जुनमा ७२ हजार दुईसय ५० जना विदेशी पर्यटक नेपाल आएका छन्।

जुन महिनामा भारतबाट ३८ हजार आठसय ४५, अमेरिकाबाट आठ हजार चारसय ७०, चीनबाट चार हजार तीनसय ४३, बङ्गलादेशबाट दुई हजार चारसय दुई, युनाइटेड किङ्गडमबाट एक हजार नौसय ९२, अष्ट्रेलियाबाट एक हजार छसय ३९, मलेसियाबाट एक हजार ७९, दक्षिण कोरियाबाट आठसय ८८, जापानबाट सातसय ६४ र भुटानबाट सायसय दुई जना पर्यटक नेपाल आएका छन्।

## विश्व समाचार

### 'प्रधानमन्त्री मोदीको अमेरिका भ्रमणबाट गुजरातलाई सर्वाधिक लाभ'

जामनगर (गुजरात), १७ असार (रासस/एएनआई)।

गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले प्रधानमन्त्री नरेन्द्र मोदीको अमेरिका भ्रमणले गुजरातलाई सबैभन्दा बढी फाइदा पुगेको बताउनुभएको छ।

जामनगरमा शनिबार भएको एक कार्यक्रममा मन्तव्य व्यक्त गर्ने क्रममा मुख्यमन्त्री पटेलले प्रधानमन्त्री मोदीको हालैको अमेरिका भ्रमणबारे जानकारी दिने क्रममा उक्त कुरा बताउनुभएको हो।

प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको सरकारले देशको विकासमा गरेको योगदानको प्रशंसा गर्दै मुख्यमन्त्री पटेलले गुजरात सरकार र अमेरिकी कम्पनी माइक्रोन टेक्नोलोजीबीच भएको समझदारीबाट आफ्नो राज्यलाई अधिक लाभ पुग्ने बताउनुभयो।

"प्रधानमन्त्री मोदीको सरकारको नौ वर्षको अवधिमा देशले सबै क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ,उहाँको अमेरिका भ्रमणबाट गुजरातले सबैभन्दा बढी फाइदा उठाएको छ, हामी अमेरिकी कम्पनी माइक्रोन टेक्नोलोजीसँग सहकार्य गर्दैछौं, चाँडै उक्त कम्पनीको यहाँ हामी शिलान्यास गर्नेछौं," मुख्यमन्त्री पटेलले भन्नुभयो।

अमेरिकी कम्पनी माइक्रोन टेक्नोलोजीले दुई अर्ब ५० करोड अमेरिकी डलरको लगानीमा गुजरातको सानन्दमा सेमीकन्डक्टर, सेमीकन्डक्टर मेमोरीलगायत सूचना प्रविधिसँग सम्बन्धित विभिन्न उपकरणको 'एसेम्बली, टेस्ट, मार्किङ, र प्याकेजिङ' कारखाना स्थापना गर्नेछ। अमेरिकी राष्ट्रपति जो बाइडेन, प्रधानमन्त्री मोदीका साथै अमेरिकी तथा भारतीय उच्च अधिकारीहरूको उपस्थितिमा गुजरातमा माइक्रोन टेक्नोलोजीले कारखाना स्थापना गर्नेसम्बन्धी समझदारीपत्रमा गुजरात सरकारका अधिकारीसँग हस्ताक्षर गरेको थियो।

### गुजरात अविरल वर्षाका कारण १२ जनाको मृत्यु

नयाँदिल्ली, १७ असार (रासस/सिन्ह्वा)।

भारतको पश्चिमी राज्य गुजरातमा विगत केही दिनदेखि आएको वर्षा र बाढी कारण १२ जना व्यक्तिको मृत्यु भएको छ। प्राकृतिक विपत्तिबाट धेरैको जीवनमा प्रतिकूल असर परेको स्थानीय सञ्चारमाध्यमले आइतबार उल्लेख गरेका छन्।

मृत्यु हुनेमा जामनगर जिल्लाका मात्रै छ जना रहेका छन्। मृत्यु हुने अन्य व्यक्ति अमरेली, बोटाड र आनन्दका स्तानीय रहेको बताइएको छ। जामनगरका तल्लो क्षेत्र डुबानमा परेकाले मानिस घरभित्रै थुनिएका छन्। जामनगर जिल्लाको भिसावदार क्षेत्रमा शुक्रबार ३४९ मिलिमिटर वर्षा भएको छ।

लगातारको वर्षाका कारण गुजरातका नदी खतराको चिन्हभन्दा माथि बगिरहँदा स्थानीयमा त्रास बढेको छ।

राज्यको दयनीय अवस्थालाई ध्यानमा राख्दै गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेलले बाढी प्रभावित क्षेत्रमा विशेष गरी राज्यको जामनगर, जुनागढ र कच्छ जिल्लामा भइरहेको राहत र उद्धारकार्यमा निरन्तर निगरानी बढाउनु भएको छ।

स्थानीय प्रशासनका अधिकारीलाई तल्लो क्षेत्रका मानिसलाई सुरक्षित स्थानमा सार्न लागिएको सञ्चारमाध्यमले जनाएका छन्।

हिमाचल प्रदेश र उत्तराखण्ड राज्यहरू बाढीबाट बढी प्रभावित छन्। आफ्नो पछिल्लो मौसम पूर्वानुमानमा भारतीय मौसम विज्ञान विभागले उत्तराखण्ड राज्यमा जुलाई १-५ सम्म मध्यमदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको बताएको छ। त्यस्तै उत्तराखण्डको लोकप्रिय पर्यटकीय गन्तव्य नैनीतालमा अति भारी वर्षा हुने चेतावनी जारी गरिएको छ। हिमाचल प्रदेश राज्यका केही भागमा पहिराले क्षति पुर्‍याएका विवरण आइरहेका छन्।

### फ्रान्सको दङ्गामा पक्राउ पर्नेको संख्या ७ सय १९ पुग्यो

पेरिस, १७ असार (रासस/एएफपी)।

फ्रान्समा प्रहरीले एकजना किशोरको हत्या गरेको विरोधमा आइतबार पाचौं दिन पनि विरोध जारी छ। विरोध प्रदर्शनीमा पक्राउ पर्नेको संख्या बढेर ७१९ पुगेको छ। आन्तरिक मन्त्रालयका अनुसार झण्डै १,३०० व्यक्तिलाई हिरासतमा लिइएको थियो। अघिल्लो रातको तुलनामा हिंसामा केही कमी आएको बताइएको छ।

### श्रीलङ्कामा ठूलो परिमाणमा केन्दुको पात बरामाद

कोलम्बो, १७ असार (रासस/सिन्ह्वा)।

श्रीलङ्काको नौसेनाले आइतबार बिहान एक हजार ९४७ केजी तस्करी गरिएको केन्दु पातसहित एक संदिग्ध व्यक्तिलाई पक्राउ गरेको छ। नौसेना जहाज एसएलएनएस विजयाका कर्मचारीले पुत्तलमको कराटिभ समुद्रतट क्षेत्रमा गरिएको विशेष कारबाहीका क्रममा उनलाई पक्राउ गरेको नौसेनाले प्रेस विज्ञप्तिमा जनाएको छ। जम्मा ६५ वटा प्याकेजमा केन्दुपात तस्करी गर्ने ५० वर्षीय अभियुक्तलाई प्रहरीको जिम्मा लगाइएको प्रेस विज्ञप्तिमा उल्लेख छ। केन्दु पात श्रीलङ्कामा बिडी उत्पादनमा प्रयोग गरिन्छ। यसको लाइसेन्सबिना प्रयोग र ओसारपसार गर्न निषेध गरिएको छ।

# खैरो हिरोइनसहित तीन पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजार र जिल्ला प्रहरी कार्यालय सिरहाको संयुक्त गस्ती टोलीले खैरो हिरोइनसहित तीनजनालाई पक्राउ गरेको छ ।

प्रहरीले सिरहा नगरपालिका २० बस्ने १९ वर्षका सत्यनारायण कारक, वडा नं. ८ बस्ने २० वर्षका विवेक ठाकुर र स्थानिय १९ वर्षिय मनिष यादवलाई पक्राउ गरेको हो ।

सिरहा नगरपालिका वडा नं. ७ ट्राफिक चोकस्थित दक्षिणबाट उत्तरतर्फ स.१०प. ६१७७ नम्बरको मोटरसाइकललाई शंका लागी चेकजाँच गर्दा सत्यनारायण कारकले बोकेको झोला भित्र लुकाई छिपाई राखेको खैरो हिरोईन जस्तो देखिने लागूऔषध ६२.२१ ग्राम र तौल गर्ने डिजिटल मेसिन समेत फेला परेको प्रहरीले जनाएको छ ।

मधेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार तीनै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय सिरहामा सोधपुछ गर्दा सत्यनारायण कारकको डेरा कोठामा लुकाई छिपाई राखेको ८.७२ ग्राम खैरो हिरोईनसमेत शुक्रबार बरामद गरेको छ ।

पक्राउ परेका तीनै जनालाई सिरहा जिल्ला अदालतबाट लागूऔषध मुद्दामा १० दिनको म्याद गराइ जिल्ला प्रहरी कार्यालय सिरहाबाट थप अनुसन्धान भईरहेको जनाइएको छ ।

# उदयपुरलाई प्रथम मेयर गोल्डकपको उपाधी



**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

राजविराजमा संचालित प्रथम राजविराज मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधी उदयपुरले हात पारेको छ ।

शनिबार राजरंगशालामा भएको फाइनल खेलमा धनुषालाई २-० गोल अन्तरले हराउँदै उदयपुरले उपाधी हात पारेको हो ।

जितसँगै उदयपुरले १ लाख ५० हजार नगद पुरस्कार हात पारे । यस्तै उपबिजेता धनुषाले एक लाख नगद पुरस्कार प्राप्त गरे ।

पहिलो हाफको ३१ औं मिनेटमा उदयपुरका बिशाल चौधरीले गोल गर्दै टिमलाई एक गोलको अग्रता दिलाए । त्यसको १० मिनेट नबित्दै उदयपुरका कृपा चौधरीले अर्को गोल थप्दै अग्रता दोब्बर पारे । धनुषाले गोल फर्काउन निकै प्रयास गरे पनि सफल हुन सकेन् ।

प्रतियोगिता समाप्तीपछि जिल्ला फुटबल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारको अध्यक्षतामा आयोजित पुरस्कार बितरण समारोहमा प्रमुख अतिथि राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परबिनले बिजेताहरुलाई कप, प्रमाणपत्र र नगर पुरस्कार बितरण गरे ।

समापनका अवसरमा फुटबलका पूर्व सिनियर खेलाडी जिवन श्रेष्ठ, श्रीलाल देव, आलोक विश्वास, जितेन्द्र नारायण देव, हिरण्यराज भण्डारी, मनोज माझि, हरिनारायण मण्डल तथा जिल्ला खेलकुद विकास समितिका सेवा निवृत कर्मचारी तृप्ती नारायण साहलाई प्रमुख अतिथि परबिनले प्रमाणपत्र र दोसल्लाबाट सम्मान गरे ।

प्रतियोगिताको बेस्ट मिड फिल्डर उदयपुरका आशिष चौधरी, बेस्ट डिफेन्डर सप्तरीका बिमल राई, उत्कृष्ट खेलाडी उदयपुरका बिशाल चौधरी, उत्कृष्ट गोलरक्षक उदयपुरमा रेम्बो चौधरी, सर्वाधिक गोलकर्ता धनुषाका दिनेश होम्जोङ र उत्कृष्ट प्रशिक्षक उदयपुरका संजय चौधरी घोषित भए ।

राजविराज नगरपालिकाको सहयोग तथा जिल्ला फुटबल संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगितामा कुल ८ टिमको सहभागिता थियो ।

# विषादी सेवन गरेकी महिलाको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

विषादी सेवन गरेकी एक महिलाको उपचारका क्रममा मृत्यु भएको छ ।

सप्तरीको राजगढ गाँउपालिका १० निवासी २२ वर्षिया संगिता यादवको मृत्यु भएको प्रहरीले जनाएको छ ।

घरायसी बिषयलाई लिएर आफ्नै सासुआमा सँग बादबिवाद हुँदा नाम नखुलेको बिषादी सेवन गरेकी उनलाई उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

सामान्य उपचार पश्चात् थप उपचारका लागी उनलाई धरानस्थित विपि कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान पठाईएको थियो । प्रहरीका अनुसार उनलाई धरानबाट बिराटनगरस्थित न्युरो अस्पताल रेफर गरिएकोमा सोही अस्पतालमा उपचारका क्रममा शुक्रबार बिहान निधन भएको हो ।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## *बिपन्न, आर्थिक ...*

कार्यक्रममा उनले सो कुरा बताएका हुन ।

मुख्य न्यायधिवक्ता कार्यालय जनकपुरका प्रमुख मनोज प्रसाद गुप्ताले मधेश प्रदेश अन्तर्गत ८ वटै जिल्लाका बिपन्न वर्ग र आर्थिक रूपमा कमजोरलाई मुद्दामा प्रतिरक्षाको रूपमा काम गर्दै आएको बताउदै समुदायमा परिचित गराउन कार्यक्रमको आयोजना गरिएको उल्लेख गरे ।

सो अवसरमा जिल्ला सरकारी वकिल कार्यालय सप्तरीका प्रमुख गोकुल सापकोटाले मुख्य न्यायधिवक्ता कार्यालयले निशुल्क कानुनी उपचारका लागी सेवा प्रवाह हुने र प्रतिरक्षाको प्रतिनिधित्व गर्दै आएको जिकिर गरे ।

प्रदेश कानुन अधिकृत अस्मिता थापाले संचालन गरेको कार्यक्रममा कृषि बिश्वबिद्यालयका उपकुलपति डा बैद्यनाथ महतोले राज्यले निशुल्क न्याय प्रणालीवाट अन्यायमा परेका समुदायका बिपन्न, महिला, गरिब, आर्थिक रूपमा कमजोर तथा न्याय पहुँच नपुगेका लागी फलदायी भएको बताए ।





अनुरोधकर्ता
**बोदेबरसाइन नगरपालिका, सप्तरी**



**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*